जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १२२ २०८० साल मंसिर २६ गते मंगलबार (12 Dec. 2023 Tuesday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विपन्न हरवाचरवा दलित महिला ... ३ पृष्ठमा : 'सीताराम स्वयंवरले ... ३ पृष्ठमा ३० सेप्टेम्बरसममा जम्मू-कश्मीरमा..

# राष्ट्रियसभा निर्वाचनका लागि जसपाले दल दर्ता गर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ मंसिर ।**

जनता समाजवादी पार्टी, नेपालले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा बसेको जसपा केन्द्रीय कार्यकारिणी समितिको बैठकले निर्वाचन आयोगमा दल दर्ताको निर्णय गरेको हो ।

बैठकले राष्ट्रिय सभा निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार चयनका लागि आगामी पुस १० गते केन्द्रीय कार्यकारिणी समितिको पुनःबैठक बस्ने निर्णय समेत गरेको छ ।

यस्तै कार्यकारिणी समितिले यही पुस २५, २६ र २७ गते जसपा नेपालको राजनीतिक समितिको बैठक आह्वान गरेको छ ।

जसपा नेपालले सञ्चालन गरेको तीन महिने संगठन विस्तार तथा सुदृढिकरण अभियानको समिक्षा गर्दै उक्त अभियानलाई पुस मसान्तसम्म थपप्रभावकारी ढंगले निरन्तरता दिने निर्णय गरेको छ ।

समसामयिक राजनीतिक विषयमा छलफल गर्दै जसपा नेपालले यसबीच संचालन गरेको प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण अभियान प्रभावकारी रहेको निष्कर्ष समेत निकालेको छ ।




# प्रदेश निजामती सेवा ऐन संशोधन गर्न बनेको विधेयक पारित

विराटनगर, २५ मङसिर (रासस)।

कोशी प्रदेशसभाको सोमबारको बैठकमा 'प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, २०८०' सर्वसम्मतिले पारित भएको छ ।

कोशी प्रदेशको प्रदेशसभा नियमावली ( पहिलो संशोधन समेत), २०७४ को नियम १०८ बमोजिम मुख्यमन्त्री केदार कार्कीका तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री शम्शेर राईले सो प्रस्ताव पेस गर्नुभएको थियो ।

सो विधेयक सम्बन्धित विषयगत समितिबाट दफावार छलफल भई सुशासन तथा योजना समितिका ज्येष्ठ सदस्य मालतीकुमारी लिम्बूले सदनमा आइतबार पेस गर्नुभएको हो । प्रस्तावित विधेयकको कोशी प्रदेशसभाका सदस्य रेवतीरमण भण्डारी, नारायण बुर्जा मगर, कमला दर्नाल, गोम्बु शेर्पा, रामदेव यादव, भक्तिप्रसाद सिटौला र प्रदीपकुमार सुनुवारले उपादेयता, सान्दर्भिकता, सकारात्मक तथा नकारात्मक पक्षमा बोल्नुभएको थियो ।

विधेयकको विषयमा उठेका जिज्ञासाका सम्बन्धमा मन्त्री राईले मुलुकमा प्रशासनिक सङ्घीयतालाई सुदृढ एवं बलियो बनाउन यो विधेयक आवश्यक छ भन्नुभयो । उहाँले विधेयकमा कुनै कमी तथा त्रुटी भएमा अविलम्ब सच्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

# शहिद कप क्रिकेट सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २५ मंसिर ।**

सहिद कप टि-ट्वान्टी क्रिकेट प्रतियोगिता सुरु भएको छ । स्थानीय गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रको खेल मैदानमा सोमबारदेखी सुरु भएको प्रतियोगिताको राजविराज नगरपालिकका कार्यवाहक नगरप्रमुख इसरत परवीनले बलिङ तथा वडा अध्यक्ष जवाहर यादवले ब्याटिङ गर्दै उद्घाटन गरेका छन् ।

प्रतियोगिताको उद्घाटन खेलमा बरही विरपुर क्रिकेट क्लबले रुपनी राइडर्सलाई ७ विकेटले पराजित गर्दै बिजयी सुरुवात गरेको छ ।

टस जितेर ब्याटिङ गर्दै रुपनी राइडर्सले निर्धारित ओवरमा ७ विकेट गुमाएर १ सय २९ रनको चुनौती पेश गरेको थियो ।

जवाफी ब्याटिङमा उत्रेको बरही विरपुर क्रिकेट क्लबले ३ विकेटकै क्षतिमा बिजयी लक्ष्य हासिल गरेको थियो । उक्त खेलको म्यान अफ द म्याच बरही विरपुर क्रिकेट क्लबका रमेश यादव घोषित भए ।

मधेश यङ स्टार क्लब राजविराज ९ मलेठको आयोजना तथा राजविराज नगरपालिकाको सहयोगमा संचालित प्रतियोगितामा जिल्लाभरीका कुल १६ वटा टिमको सहभागिता रहेको आयोजक समितिका सचिव संजिव यादवले जानकारी दिए ।

यसअघि मधेश यङ स्टार क्लबका अध्यक्ष राजेन्द्र साहको अध्यक्षता तथा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनको प्रमुख आतिथ्यमा आयोजित उद्घाटन समारोहमा करातेका वरिष्ठ प्रशिक्षक संजय परियारलाई सम्मानित समेत गरेको थियो ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आन्दोलनबाट विद्यालयलाई टाढाँ राखौं

विभिन्न कारणले असन्तुष्टि बढेपछि मुलुकमा सबै भन्दा पहिला विद्यालयलाई निशाना बनाइने गरिन्छ । बालबालिकाहरुको पढाईको मन्दिर मानिने विद्यालयलाई बन्द गरेर असन्तुष्टि व्यक्त गर्ने गरिन्छ । तर, यो समस्याको समाधान होइन् । विद्यालय बन्द हुँदा बालबालिकाहरु पढाईबाट बञ्चित हुनुका साथै उनीहरुको बानीमै परिवर्तन हुनपुग्छ ।

विद्यार्थीको पढाईलाई ध्यानमा राखेर कुनै पनि बहानामा कहिले पनि विद्यालय बन्दको शिकार नबनोस् । विद्यालयलाई राजनीतिक दलहरुले शान्ति क्षेत्र घोषणा गरिसके पनि त्यो कार्यान्वयन हुन सकिरहेको छैन् । विगतमा लामो समयसम्म द्वन्द्व चल्दा समेत विद्यालय कहिले बन्द हुनुपरेको थिएन् ।

तसर्थ यसतर्फ विद्यालयसँग सरोकार राख्ने निकाय, शिक्षक, राजनीतिक दल तथा स्थानीय पालिका समेतले सकारात्मक कदम बढाउनु आवश्यक छ ।

# विपन्न हरवाचरवा दलित महिला भन्दछन् : दु:खको दिन गए

**राज् विश्वकर्मा**

सप्तरी, २५ मङ्सिर (रासस) ।

केही वर्षअघिसम्म दुई छाक टार्न धौधौ हुने सप्तरीको रुपनी गाउँपालिका-२ लौवापारकी ललितादेवी सदालाई पछिल्लो समय परिवार चलाउन कुनै समस्या छैन् ।

पुँजीको आभावमा आर्थिक उन्नति गर्नसमेत सोच नबनाएकी उहाँ अहिले किराना व्यापार गरेर राम्रो आम्दानी गर्न थालेपछि उहाँको दु:खको दिन गएको हो । गाउँमा हरवाचरवाको काम गरी जीविकोपार्जन गर्दै आउनुभएकी सदाको परिबारमा केही वर्षअघिसम्म दु:खको पहाड लागेको थियो । तर श्रीपुर्राज सामुदायिक विकास केन्द्रसँग ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुख विस्तारै हराउन थालेको उहाँ बताउनुहुन्छ ।

"केही नगरी जीवनस्तर उकास्न सकिन भन्ने बुझेर एक वर्षअघि श्रीपुर्राजबाट रु २० हजार ऋण लिएर न्यून पुँजीमा किराना पसल सञ्चालन गरे अहिले जीवनमा ठूलो परिवर्तन आएको छ", उहाँ भन्नुहुन्छ, "व्यापार गर्ने इच्छा भए पनि पुँजी अभावका कारण त्यसले मूर्तता पाएन । " २०७९ सालमा द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवाचरवा सशक्तीकरण अभियान कार्यक्रमअन्तर्गत गठित माता दुर्गा हरवा चरवा बचत तथा ऋण समूहबाट समेत रु एक हजार चार सय ऋण लिएर व्यापार सुरु गरेपछि आफ्नो सपना साकार भएको उहाँको कथन छ । घरमै सञ्चालन गरेको किराना पसलबाट अहिले दैनिक एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी भइरहेको उहाँको कथन छ ।

यस्तै विगतका वर्षहरूमा साहुमहाजनको खेतबारीमा काम गरेर जीविकोपार्जन गर्दै आएकी सोही ठाउँकी ४५ वर्षीया सीताबरीदेवी सदालाई पनि अचेल किराना पसलबाट फर्सद हुँदैन । करिब एक वर्षदेखि घरमै किराना पसल चलाउँदै आउनुभएकी उहाँले त्यही पसलबाट राम्रो आम्दानी गर्न थालेपछि साहुमहाजनको खेतमा कडा मिहिनेत गर्नुपर्ने बाध्यताबाट छुटकारा पाएको बताउनुहुन्छ ।

"पहिला पहिला परिवार चलाउन असाध्यै समस्या हुन्थ्यो", उहाँ भन्नुहुन्छ, "तर किराना पसल चलाएदेखि खासै समस्या छैन ।" तर श्रीमान् कालीचरण सदा बिरामी परेकाले एक्लै पसल चलाउन भन्ने गाह्रो भएको छ, उहाँले भन्नुभयो, "श्रीमान्ले पसलका लागि चाहिने समान राजबिराज, रुपनी, कठौनालगायतका बजारबाट ल्याई दिनुहुन्थ्यो, अहिले उहाँ बिरामी परेकाले समस्या भएको छ ।"

सामान्य लेखपढ गर्नसमेत नजानेकी स्थानीय गीता सदालाई अचेल बिहान हुने बित्तिकै तरकारी कहाँबाट खरिद गरेर ल्याउने र नजिकको सहर बजारमा कतिबेला पुऱ्याउने भन्ने हतारो हुन्छ । एक वर्षअघि सम्म पुँजीको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी उहाँ अहिले भन्ने गाउँ नजिकैको शहर बजारमा तरकारी खरिद बिक्री गरेर राम्रो आम्दानी गर्दै आउनुभएको छ । आयआर्जनको गतिलो आधारसँगै गितादेवीको जीवनमा परिवर्तन मात्र होइन, परिवारको पहिचानसमेत फेरिएको छ ।

आयआर्जनको ठोस आधार नपाउँदा केही वर्षअघि सम्म गाउँकै साहुमहाजन कहाँ बहिबुतो गर्दै आएको विगतको अतित सम्झिँदै गीतादेवी भन्नुहुन्छ, "पहिले हरवाचरवाको रुपमा ज्याला मजदुरीमा सधैँ काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालन पोषण गर्न धौ-धौ हुन्थ्यो ।" अहिले भन्ने स्वतन्त्ररुपमा सानो व्यापार गरेर राम्रो आम्दानी हुन थालेको छ, जसका कारण सन्तुष्ट छु, उहाँको भनाइ छ ।

"दिनभरि ज्याला मजदुरीमा काम गर्दा मात्र थोरै मात्र ज्याला पाउथ्ये, त्यसकारण परिरवार चलाउन समस्या हुन्थ्यो", उहाँ भन्नुहुन्छ, "तर अब मेरो त्यो दु:खको दिन कटेको छ ।" अहिले तरकारी व्यापार गरेरै पाँच जना परिवारको गुजारा चलाउँदै आएको छु, उहाँको भनाइ छ ।

आफ्नै घरमा सञ्चालन गरेको किराना पसलले स्थानीय रञ्जना सदाको मात्रै होइन, उहाँको सिङ्गो परिवार नै सुखी र खुसी बनेका छन् । "परिवारका सदस्यको समेत राम्रै साथ पाएकी छु", उहाँ भन्नुहुन्छ, "किनाना पसल गरेर परिवारको गुजारा चलाउनुको साथै छोराछोरीको पढाइ खर्चसँगै परिवारमा आइपर्ने आर्थिक समस्या पनि समाधान गर्दै आएकी छु ।"

आर्थिक विपन्नता र चेतनाको अभावमा साहुमहाजनमा श्रम गर्दै आएकी ललितादेवी, सीताबरीदेवी, गीतादेवी र रञ्जनाको जीवनमा आएको यो परिवर्तन श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा सशक्तीकरण कार्यक्रमबाट आएको हो ।

ञ"सुरु सुरुमा म धेरै लजाउँथे, के गरौ नगरौ भन्ने थाहै थिएन, सधैँ मजदुरी गरेर जेनतेन परिवार मात्रै पालथ्ये", रञ्जना भन्नुहुन्छ, "तर, जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरे, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो ।" द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवा चरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियामा गठन भएको बचत तथा समूहमा आबद्ध भएकी उहाँहरू त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउनुहुन्छ ।

सिरहाको लहान, गोलबजार, धनगढीमाई तथा सप्तरीको वीरेन्द्र बजार, राजविराजबाट तरकारी खरिद गरी गाउँसँगै नजिकैको रुपनी, कदम चौक, पौवालगायतका हाटबजारमा तरकारी व्यापार गर्दै आएकी गीतादेवी भन्नुहुन्छ, "अहिले त्यही तरकारी व्यापारबाट दैनिक रु पाँच सयदेखि रु सात सयसम्म कमाइ भइरहेको छ ।"

सो केन्द्रबाट रु १० हजार र आफू आबद्ध भएको माता दुर्गा हरवाचरवा बचत तथा ऋण समूहबाट रु एक हजार गरी ११ हजार पुँजीबाट सुरु गरेको तरकारी व्यापार फष्टाउँदै गएपछि ऋण चुक्ता गएर समूहमै बचत गर्दै आएको उहाँ बताउनुहुन्छ ।

साधारण लेखपढ गर्नमात्र जानेकी गीतादेवी समूहमा लागेपछि निधक्कर्ता पूर्व बोल्न सक्ने मात्र होइन आम्दानी गर्ने र बचत गर्ने बानीको समेत आफूमा विकास भएको बताउनुहुन्छ । उहाँहरू आबद्ध माता दुर्गा हरवाचरवा बचत तथा ऋण समूहमा महिला र पुरुष गरी ५६ जना सदस्य आबद्ध छन् । त्यसमध्ये ३२ जना सदस्यले बचत समूहका मासिक रु सयका दरले बचतसमेत गर्दै आएको समूहका अध्यक्ष रामदेव सदाले बताउनुभयो ।

सदस्यले मासिकरुपमा गरेको बचत रकम रु ३९ हजारभन्दा बढी पुगेको छ, उहाँ भन्नुहुन्छ, "बचत भएको रकम समूहकै सदस्यमा ऋण लगानी गर्ने गरेका छौँ ।" जसले महिलामा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उहाँको बुझाइ छ । पछिल्लो केही वर्षयता हरवाचरवा दलित महिलामा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले साकारात्म सन्देश दिएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता पुनम चौधरीको भनाइ छ ।

"केही वर्षअघिसम्म साहुमहाजनमा मजदुरी गर्दै आएकाका हरवाचरवा परिवारका महिला विस्तारै साना व्यवसायमा हौसिँदै गएका छन्", उहाँ भन्नुहुन्छ, "पछिल्लो समय उहाँहरूले देखाएको उत्साहबाट पाठ सिकेर अन्य महिला अघि बढ्न सके आर्थिकसँगै सामाजिक क्षेत्रमा समेत ठूलो परिवर्तन आउन सक्छ ।"


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# 'सीताराम स्वयंवरले त्रेतायुग सम्झाइरहेको छ'

**टीकाराम सुनार/चन्दन ठाकुर**
जनकपुरधाम, २५ मङ्सिर (रासस)।

हुन त त्रेतायुगीन मिथिला राजधानी जनकपुरधाममा शिरध्वज जनकको राज्यबारे जति चर्चा गरे पनि त्यो अपूरो हुन्छ। त्यो राज्य र कालखण्डका विविध पाटामध्ये उहाँकी पुत्री सीता र अयोध्या नरेश रामबीच भएको स्वयंवरलाई छुटाउने हो भने त त्यो गौरवशाली इतिहास फिक्का हुन्छ होला !

मङ्गलबारदेखि जनकपुरधाममा सुरु हुने श्री सीताराम विवाह पञ्चमी महा–महोत्सवको तयारी भव्यरुपमा भइरहेको छ। जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले भन्नुभयो, "हजारौँ वर्षपूर्व त्रेतायुगका मिथिलापति शिरध्वज जनकको महिमा हामी सबैले सुन्छौँ, पढ्छौँ। तर सीताराम स्वयंवरको आदिकालीन सांस्कृतिक पक्ष हामीले आज पनि साक्षात् देखिरहेका छौँ। हरेक वर्ष मार्ग शुक्ल पञ्चमीका दिन हुने यो विवाह पञ्चमी महा–महोत्सवले मलाई त कलियुग होइन, त्रेतायुगमा भएको आभास हुन्छ।"

तत्कालीन समयमा अस्थित्वमा रहेका विभिन्न भूक्षेत्रका विद्वान विदुषीहरुको रोहमा लङ्काधिपति रावणसहितका सयौँ राजा र राजकुमारबीचको प्रतिस्पर्धाबाट शिव धनुष उचालेर अयोध्या नरेश रामले सीतासँग लगनगाँठो कसेको किम्बदन्ती छ। जनकपुरमा आजपर्यन्त त्यो ऐतिहासिक वैवाहिक परम्परालाई जीवित राख्दै नेपाल-भारतबीचको आदिकालीन सांस्कृतिक सम्बन्धलाई निरन्तरता दिने प्रयास अविचलित रुपमा भइरहेको छ।

संस्कृतिका जानकार साहित्यकार डा.राजेन्द्र विमल पनि वैदिक दर्शन र आर्य चिन्तन परम्पराको केन्द्रका रुपमा रहेको जनकपुरको महिमा आफैँमा विराट रहे पनि सीता स्वयंवरको प्रसंगले त्यसलाई थप समृद्ध बनाएको धारणा राख्नुहुन्छ। "राजा जनक, यज्ञवल्क्य, मैत्रैयी, गार्गी, अष्टावक्रलगायत ऋषिमुनीहरुको तपोवनका रुपमा रहेको यो भूखण्डको आफ्नै गौरवपूर्ण इतिहास छ। त्यो त अध्ययन गरेर थाहा पाउने हो। तर अहिले पनि सीता स्वयंवरको साक्षात अभ्यास परम्पराले त्यो इतिहासलाई जीवन्त बनाइरहेको छ", डा. विमल भन्नुहुन्छ,"विविध कारणले विवाहका बेला हुने घोडा, हात्ति दौड, प्रतीकात्मक रुपमा विभिन्न क्षेत्रबाट हुने राजकुमारहरु आगमनलाई समेत निरन्तरता दिन सकेको भए थप आकर्षक हुन्थ्यो।"

यसपटक पनि मङ्गलबारदेखि सात दिवसीय महा–महोत्सव सुरु हुँदैछ। जनकपुर नगरदर्शनसँगै सुरु हुने उत्सवका क्रममा २७ गते बुधबार फुलबाडी लीला, २८ गते धनुष यज्ञ हुने जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले जानकारी दिनुभयो। यसक्रममा मङ्सिर २९ गते तिलकोत्सव, ३० गते मटकोर र पुस १ गते शुभ विवाह र २ गते राम कलेवा (जन्ती विदाई) सँगै विवाह महामहोत्सव सम्पन्न हुनेछ।

मंगलबारदेखि महामहोत्सवको औपचारिक शुभारम्भ हुँदैछ। त्यसका लागि आवश्यक तयारी धमाधम चलिरहेका छन्। व्यवस्थापकीय तयारीका साथसाथै मन्दिर प्राङ्गणमा दैनिक प्रवचनको काम जारी छ। वैवाहिक कार्यक्रममा सहभागी हुन भारतीय सीमावर्ती क्षेत्रदेखि अयोध्याबाट साधुसन्त जनकपुर आइरहनुभएको छ। महन्थ दासले भन्नुभयो,"सात दिनसम्म सीताराम स्वयंवरसँग जोडिएका सबै ऐतिहासिक पक्ष र क्षणहरुको एकएक दृश्य देख्न पाइन्छ। यो अदभूत दृश्यले यहाँ आउने हरेक साधुसन्त, दर्शनाभिलासीहरुलाई आनन्दविभोर बनाउँछ। त्रेता युगमा भएको जगत जननी सीता र भगवान रामको त्यो स्वयंवरलाई साक्षात अनुभूत गराउँछ।"

सीता स्वयंवरका बारेमा उल्लेख भएअनुसार आश्विन पूर्णिमाका दिन अयोध्याका राजा दशरथ पुत्र श्रीरामचन्द्रले तत्कालीन मिथिलाञ्चलको राजधानी जनकपुरमा शिव धनुष उचालेको र त्यसै आधारमा मार्ग शुक्ल पञ्चमी तिथिमा श्री सीतारामको विवाह भएको हो।

सोही ऐतिहासिक परम्परालाई जीवन्त राख्न जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने गरिन्छ। त्यसका लागि सो दिन राममन्दिरबाट श्रीरामचन्द्रको डोला बाजागाजाका साथ नगर परिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुऱ्याइन्छ भने जानकी मन्दिरबाट लिइएको जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध व्यक्तिहरु स्वागत अभिवादनका लागि त्यसअघि नै त्यहाँ पुगेका हुन्छन्।

मैदानमा श्रीरामको डोलालाई जानकी मन्दिरबाट लगिएको मण्डपद्वारा पाँचपटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण र श्रीरामको डोलीबाट महन्थले जानकी (सीता) लाई माला लगाई आरती पूजनपछि विधिवत स्वयंवर कर्म हुन्छ। तत्पश्चात लावालश्करसहित राममन्दिरको मण्डप जानकी मन्दिर पुऱ्याएर आरती पूजन गरी राममन्दिर फर्कने गर्दछ भने त्यसै रात मिथिला परम्पराअनुसार भगवान् रामचन्द्र र माता जानकीको वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ।

**यस वर्षको आकर्षण अनाज प्रतिमा**

श्री सीताराम विवाह आफैँमा विश्व प्रसिद्ध प्राचिनतम् सांस्कृतिक पर्व हो। त्यसको माध्यमबाट नेपाल-भारतबीचको वैवाहिक सम्बन्धलाई निरन्तरता दिन आज पनि तमाम् प्रयत्न भइरहेका छन्। जनस्तरमा समेत दुई देशमा रोटीबेटीको सम्बन्ध कायमै छ।

त्यो सम्बन्धलाई सीताराम विवाह पञ्चमी महामहोत्सव र यस्तै अन्य धार्मिक सांस्कृतिक क्रियाकलापमार्फत पर्यटन प्रवर्द्धनका प्रयास भइरहेका छन्। यस वर्ष भने बदलिँदो समयमा जनकपुरतर्फ विश्वका मानिसहरुको ध्यान तान्नका लागि यही महा–महोत्सवका अवसरमा विभिन्न प्रकारका अन्नबाट ११ हजार ११ वर्ग फिट सीताराम प्रतिमा बन्दैछ।

विश्व रेकर्ड कायम गर्ने गरी रङ्गभूमि मैदानमा करिब एक सय दुई क्वीन्टल अन्नबाट बन्न लागेको सो प्रतिमा यसपटकको मुख्य आकर्षणका रुपमा रहने परिकल्पनाकार गुनगुन मिश्रले बताउनुभयो। "हुन त सीतारामको विवाह र जनकपुरको महिमा नजान्ने को होलान् र ! तर पनि पछिल्लो समय विभिन्न कारणले हाम्रा सम्पदा, हाम्रो सम्भावनाका क्षेत्रहरुमा मानवीय चहलपहल शिथिल बनिरहेको छ। गिनिजबुकमा रेकर्ड दर्ज गराएर जनकपुरमा विश्वको ध्यान तान्नका लागि यो प्रतिमा अर्थपूर्ण हुनेछ", गुनगुनले भन्नुभयो।

विज्ञान सङ्कायबाट कक्षा १२ सकेर थप अध्ययनको तयारी गरिरहेकी जनकपुरधाम–४ निवासी गुञ्जनले कोरोनाको समयमा बन्द कोठामा बुनेको सपना थियो यो। बन्दाबन्दीको बेला टिभी हेर्ने क्रममा श्रीराम जन्मस्थल आयोध्यामा अनाजबाट प्रतिमा बनाएर विश्व रेकर्ड राखेको हेरेपछि सीता जन्मभूमि जनकपुरबाटै त्यो रेकर्ड तोड्ने विश्वाससहित आफूले योजना बुनेको गुनगुनको भनाइ छ।

गुनगुनकी आमा सालिनी मिश्रले छोरीकै प्रस्तावमा बन्न लागेको प्रतिमाले जनकपुरधामकै नाममा विश्व रेकर्ड बन्ने भएकाले आफूहरु उत्साहित भइरहेको बताउनुभयो। "सुरुमा परिवारका सदस्यहरुलाई पनि छोरीको कुरा सुन्दा विश्वास नै लागेको थिएन। झन् अनाज खेर जाने पो हो कि भन्ने लागेर, यस्तो पनि गर्ने भन्ने लागेको थियो। तर आज त्यही विश्वास नगरेको कुरा साकार हुन लागेको देख्दा अत्यन्तै हर्षित छु", उहाँले भन्नुभयो।

गुनगुन आफैँ पनि यति ठूलो प्रस्तावमा अरुले सहमति जनाउँदैनन् होला भन्ने लागेको थियो। तर पनि कुरा गर्न भने नछोड्ने उहाँको अठोट थियो। "सुरुमा त म आफैँलाई नै सपना मात्रै होलाजस्तो लागेको थियो। तर आफ्नो योजना बुबाआमालाई सुनाए। कुनै अरु चाडपर्वको सन्दर्भ पारेर बनाउनेकी भन्ने कुरा पनि उठेको थियो। तर आमाबुबाले विवाह पञ्चमीमा उपयुक्त हुने सुझाव दिएपछि सोहीअनुसार कुरा अगाडि बढेको हो", गुनगुनले योजनाबारे भन्नुभयो,"त्यो प्रस्ताव सुरुमा जानकी मन्दिरका महन्थ, पछि जनकपुरधाम उपमहानगर प्रमुख, उद्योग वाणिज्य संघसँगको पटक पटकको परामर्शपछि सम्भव भएको हो। उहाँहरुले पुनः अन्नको उपयोग हुने सुनिश्चिततापछि यसमा सहमति जनाउनुभएको हो।"

श्री सीताराम अनाज प्रतिमा निर्माण समिति, संयोजकको जिम्मा पाएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले जनकपुरकी छोरी गुनगुनले राखेको प्रस्तावअनुसार नै प्रतिमाको काम भइरहेको बताउनुभयो। उहाँले प्रतिमा बनाउन प्रयोग हुने अन्नको पूर्ण पुनःउपयोगको सुनिश्चिततापछि मात्रै जिम्मेवारी लिएको समेत बताउनुभयो।

"हो, धेरैले आर्थिक मन्दी खाद्यान्न सङ्कटको बेला यो खेरजाने काम किन गरेको भन्ने गरेको सुनेको छु। तर त्यसमा प्रयोग भएको कुनै खाद्यान्न खेर जादैन। मिसावट हुने १० प्रतिशत जति अन्नको नेपालमै र बाँकी ९० प्रतिशत अन्न अयोध्यामा बन्न लागेको मन्दिर उद्घाटनको बेला पठाउने र नेपालकै मानव आश्रम, धर्मशालाहरुमा प्रयोग गरिनेछ। यसमा सबै नगरबासी, व्यापारी, बुद्धिजीवी सबैले स्वस्फूर्त सहयोग गर्ने प्रतिबद्धता आएको छ", महासेठले भन्नुभयो।

विभिन्न १२ वटा विश्व रेकर्ड बनाउनुभएका भारतीय मूलका सतिश गुर्जरको समूहले यो प्रतिमा बनाइरहेको छ। प्रतिमामा २५ क्वीन्टल चामल, छ क्वीन्टल गहुँ, छ क्वीन्टल सोयाविन, १८ क्वीन्टल चना, १८ क्वीन्टल उरिद, चार/चार क्वीन्टल चना, रहरी, मसुरको दाल, तीन क्वीन्टल मकै, दुई क्वीन्टल मोमफली र१२ क्वीन्टल मुंगको दाल तथा बाँकी खर्चसमेत गरी २१ लाखभन्दा बढी खर्च लाग्ने निर्माण समिति संयोजक महासेठले बताउनुभयो। यसअघि भारतको अयोध्यामा बनाइएको १० हजार स्वाइयर फिटको प्रतिमाले विश्व रेकर्ड बनाएको थियो।

**महा-महोत्सव व्यवस्थापन**

सीतारामको स्वयंवर हुने रङ्गभूमि मैदान बाह्रबिघा, नगरका अन्य क्षेत्रमा शौचालय, नगर सरसफाइ, मञ्च व्यवस्थापनलगायतको जिम्मेवारी जनकपुर उपमहानगपालिकाले गरिरहेको छ। सुरक्षा, ट्राफिक र यातायात व्यवस्थापनका लागि सम्बद्ध सरोकारवालाहरुले पनि जिम्मेवारीअनुसार काम गरिरहेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले सहज यातायातको व्यवस्थापन, सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन नेपाल सबै सुरक्षा निकायका करिब साढे १४ सयभन्दा बढी प्रहरी परिचालन गरिने बताउनुभयो।

विवाह पञ्चमीमा लाखौँ मान्छेको सहभागिता हुने भएकाले विभिन्न ठाउँमा ट्राफिक बिन्दु तोकेर काम गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख, प्रहरी निरीक्षक शेखरकुमार साहले बताउनुभयो। उहाँका अनुसार नगरभित्र ई-रिक्सा, अटोरिक्सा, मोटरसाइकललाई रामानन्द चोक, बजरङ्गचोक, महावीर चोक, भैरवचोक र अदालतमोडमा रोकिने र कदमचोक, भानुचोक र शीव चोकलगायतकै चोकमा रोक्ने व्यवस्था मिलाइएको छ।

जनकपुरधाममा सीतारामसँग जोडिएका विविध पक्ष र प्रसङ्गमा उहाँ हरेक महिनाको पूर्णिमाका दिन पनि मासिक रूपमा मेला लाग्दछ। जस्तै चैत्र शुक्ल नवमी तिथिमा मर्यादा पुरुषोत्तम भगवान् श्री रामचन्द्रको जयन्ती रामनवमी, बैशाख शुक्ल नवमी तिथिमा जानकी प्राकट्य महोत्सव, श्रावण शुक्ल तृतीयादेखि पूर्णिमासम्म झुला महोत्सव तथा फाल्गुण शुक्ल पक्षमा पन्द्र दिवसीय मिथिला पञ्चकोसी परिक्रमा (जनकपुरधामदेखि पाँच कोसको दूरीमा रहेको जानकीको बाल लीलासित सम्बद्ध ठाउँको परिक्रमा) तथा अन्त्यमा फागु पूर्णिमाका दिन जनकपुरधामको अन्तःगृह परिक्रमा गरी सम्पन्न हुन्छ।

# विश्व समाचार

## ३० सेप्टेम्बरसम्ममा जम्मू-कश्मीरमा विधानसभा निर्वाचन गर्ने निर्देशन

नयाँदिल्ली, २५ मङ्सिर (रासस/एएनआई)।

भारतको सर्वोच्च अदालतले सोमबार जम्मू-कश्मीरमा धारा ३७० को खारेजीलाई सदर गर्दै भारतीय निर्वाचन आयोगलाई ३० सेप्टेम्बर २०२४ भित्र विधानसभा चुनाव गर्न निर्देशन दिएको छ।सर्वोच्च अदालतले पनि लद्दाखलाई केन्द्र शासित प्रदेशको रुपमा पुनर्गठित गर्ने निर्णयलाई सदर गरेको छ भने जतिसक्दो चाँडो राज्यको बहाली गर्न भनेको छ। प्रधान न्यायाधीश चन्द्रचूड, न्यायाधीश सञ्जय किशन कौल, सञ्जीव खन्ना, बीआर गवई र सूर्यकान्तको संवैधानिक इजलासले उक्त फैसला सुनाएको हो।प्रधान न्यायाधीश डीवाई चन्द्रचूडले सोमबार फैसला सुनाउँदै भन्नुभयो, "अदालत केन्द्र सरकारलाई भारतीय निर्वाचन आयोगले पुनर्गठन अधिनियमको धारा १४ अन्तर्गत गठित जम्मू र कश्मीरको विधान सभाको चुनाव ३० सेप्टेम्बर २०२४ भित्र सम्पन्न गर्न कदम चाल्न र छिट्टै राज्य सरकारको गठन गर्न निर्देशित गर्छ।"

भारत सरकारको प्रतिनिधित्व गर्ने सोलिसिटर जनरलले जम्मु काश्मिरलाई राज्यको दर्जा पुनर्स्थापित गरिने र केन्द्र शासित प्रदेशको रूपमा यसको दर्जा अस्थायी भएको बताउनुभएको छ। उहाँले जम्मु-कश्मीरलाई राज्यको दर्जा पुनर्स्थापित गर्दा केन्द्र शासित प्रदेश लद्दाखको स्थिति प्रभावित नहुने बताउनुभयो। "सोलिसिटर जनरलले जम्मु-कश्मीरलाई राज्यको दर्जा पुनर्स्थापित गर्ने भनी दिएको निवेदनलाई ध्यानमा राख्दै जम्मू-कश्मीर राज्यलाई लद्दाख र जम्मु-कश्मीरलाई दुई केन्द्र शासित प्रदेशमा रूपान्तरण गर्न धारा ३ अनुसार अनुमति छ कि छैन भनेर निर्धारण गर्न आवश्यक छैन," सर्वोच्च अदालतको फैसलामा भनिएको छ। कुनै पनि राज्यबाट एक क्षेत्रलाई अलग गरेर केन्द्र शासित प्रदेश बनाउन अनुमति दिने हुँदा लद्दाखलाई केन्द्र शासित प्रदेशको रूपमा कायम राखिएको र यो अनुच्छेद ३ (ए) अनुरूप हुने फैसलामा उल्लेख छ। फैसलामा भनिएको छ, "भारतको प्रतिनिधिमूलक लोकतन्त्रको सर्वोपरि विशेषताका रुपमा रहेको विधान सभाको प्रत्यक्ष निर्वाचनलाई राज्यको दर्जा बहाल नहुञ्जेलसम्म स्थगित गर्न सकिदैन।"

सर्वोच्च अदालतले जम्मु-कश्मीरलाई विशेष राज्यको दर्जा दिने संविधानको धारा ३७० खारेज गर्ने केन्द्र सरकारको निर्णयलाई सदर गर्दै भनेको छ, "कुनै पनि राज्यको तर्फबाट केन्द्र सरकारले लिने हरेक निर्णय कानुनी चुनौतीको अधीनमा हुन सक्दैन र यसले राज्यको प्रशासनलाई ठप्प पार्नेछ।" सन् २०१९ ५ अगस्टमा, केन्द्र सरकारले अनुच्छेद ३७० अन्तर्गत प्रदान गरिएको जम्मू र कश्मीरको विशेष दर्जा खारेज गर्ने घोषणा गरेको थियो र यस क्षेत्रलाई दुई केन्द्र शासित प्रदेशहरूमा विभाजन गरेको थियो।न्यायाधीश सञ्जय किशन कौलले सन् १९८० को दशकदेखि राज्य र गैरसरकारी पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाको छानबिन र प्रतिवेदन दिन निष्पक्ष सत्य निरुपण तथा मेलमिलाप समिति गठन गर्न र मेलमिलापका उपायहरू सुझाउन सुझाव दिनुभएको छ। न्यायाधीश कौलले फैसलामा भन्नुभएको छ, "घाउ निको पार्ने दिशामा पहिलो कदम भनेको राज्य र यसका तत्वहरुद्वारा गरिएका उल्लङ्घनका कार्यहरूको स्वीकारोक्ति हो र सत्य बोल्दा मेलमिलापको मार्ग प्रशस्त हुन्छ। उहाँले जम्मू काश्मिरका युवा र जनताले धेरै कष्ट भोगेको र घाउ निको पार्नुपर्ने भन्दै 'सत्य निरुपण तथा मेलमिलाप आयोग' कसरी गठन गर्ने भन्ने विषयको संवेदनशीलतालाई ध्यानमा राखेर सरकारले निर्णय गर्ने हो'।

## कैदी रिहाइको माग पूरा नगरेसम्म कुनै पनि इजरायली बन्धक नछोड्ने हमासको चेतावनी

गाजा पट्टी, प्यालेस्टाइनी अधिनस्थ क्षेत्र, २५ मङ्सिर (रासस/एएफपी)।

हमासले कैदी रिहाइको माग पूरा नगरेसम्म कुनै पनि इजरायली बन्धकले उक्त क्षेत्र नछोड्ने चेतावनी दिएपछि इजरायलले सोमबार दक्षिणी गाजाको मुख्य शहरमा बमबारी गरेको छ। हमासले गत अक्टोबर ७ मा इजरायलमाथि घातक आक्रमण गरी एक हजार २०० जनाको ज्यान लिएको र करिब २४० जनालाई गाजामा बन्धक बनाएको इजरायली तथ्याङ्कले देखाएको छ। बदलामा इजरायलले हमासविरूद्ध चलाएको कारवाहीमा गाजाको अधिकांश भाग भग्नावशेषमा परिणत भएको छ भने करिब १८ हजार जनाको ज्यान लिएको हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। इजरायली सेनाले गाजा पट्टीमा गरेको आक्रमणमा परी दर्जनौं व्यक्तिको मृत्यु भएको र इजरायली सेनाले गाजाबाट इजरायलतर्फ रकेट प्रहार गरेको मन्त्रालयले सोमबार जनाएको छ। एएफपी संवाददाताका अनुसार इजरायलले सोमबार मुख्य दक्षिणी शहर खान युनिसमा आक्रमण गरेको छ भने प्यालेस्टाइनी लडाकू इस्लामिक जिहादले इजरायली सेनाले सुरुङको खाडल खोजी गरिरहेको एउटा घरलाई विस्फोट गराएको बताएको छ।हमासले आइतवार चेतावनी दिँदै भनेको छ, "इजरायलले आफ्ना कैदीहरुलाई आदानप्रदान र वार्ता विना जीवितै प्राप्त गर्ने सम्भावना रहने छैन।"

इजरायलले गाजामा अझै पनि १३७ जना बन्धक रहेको बताएको छ भने अधिकारकर्मीहरूले करिब सात हजार प्यालेस्टिनी इजरायली जेलमा रहेको बताएका छन्।महिनौंदेखिको भीषण बमबारी र झडपका कारण गाजाको स्वास्थ्य प्रणालीमा व्यापक प्रभावपरेको छ। अधिकांश अस्पतालहरू सञ्चालनमा छैनन् र करिब २० लाख मानिस विस्थापित भएका छन्। गाजा शहरको अल-शिफा अस्पतालको बमवारी गरिएको भग्नावशेषको भ्रमण गरेको थियो र गत महिना इजरायली सेनाले बमबारी गरेको गाजा शहरको अल-शिफा अस्पतालमा छापा मारेपछि कम्तीमा ३० हजार मानिसहरू भग्नावशेष वरपरका क्षेत्रमा एकत्रित भएका छन्। "हाम्रो जीवन जीवित नरक भएको र प्यालेस्टिनीहरू बिजुली, पानी, खाद्यान्न र औषधिविहिन बनेको छ," ३८ वर्षीय मोहम्मद दलौलले भन्नुभयो। संयुक्त राष्ट्रसङ्घका अनुसार गाजाका २४ लाख जनसंख्यामध्ये १९ लाख मानिस आफ्नो घरबाट विस्थापित भएका छन्। इजरायलले मानिसहरूलाई दक्षिणमा शरण लिन आग्रह गरेको छ। मानवीय सहयोगका लागि समन्वय गरिरहेका संस्थाहरूले इजरायललाई द्वन्द्वमा नागरिकहरूको अधिक सुरक्षाको लागि दबाब दिइरहेका छन्। गैरलडाकूको मृत्यु कम गर्न इजरायली सेनाले प्रयोग गरेको स्याफिड सफ्टवेयरलाई अपर्याप्त भन्दै प्यालेस्टाइनी क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय मानवीय संयोजक लिन हेस्टिङ्सले आइतवार निन्दा गर्नुभएको छ।

# कार्यालयमा धर्ना, जुलुस नगर्न

काठमाडौँ, २५ मङ्सिर (रासस) । वैदेशिक रोजगार विभाग ईपीएस शाखा कार्यालयले परीक्षार्थीलाई धर्ना, जुलुस जस्ता कार्यक्रम तत्काल बन्द गर्न अनुरोध गरेको छ । दक्षिण कोरियामा उत्पादनमुलक क्षेत्रका लागि कामदार माग गर्दा यसअघि सञ्चालित 'सीप बिल्डिङ'मा अनुत्तीर्ण परीक्षार्थीले आवेदन दिन नपाउने भनेपछि परीक्षार्थीले कार्यालयमा धर्ना दिँदै आएका थिए ।

सन् २०२३ मा कुनै पनि क्षेत्रको कोरियन भाषा परीक्षाको फारम भर्न नपाइने व्यहोरा उल्लेख गरिएको भन्दै परीक्षार्थीहरुले धर्ना, जुलुस तथा विरोध गर्न थालेपछि कार्यालयले त्यस्तो नगर्न आग्रह गरेको हो ।

कार्यालयले सोमबार एक विज्ञप्ति जारी गर्दै उठान गरेका मागका विषयमा कोरिया सरकारसँग छलफल भइरहेको ईपीएस कोरिया शाखा कार्यालयले जनाएको छ । नेपालस्थित दक्षिण कोरियाको सम्पर्क कार्यालय एचआरडी सर्भिस अफ कोरिया, ईपीएस सेन्टर नेपाल र अन्य सम्बन्धित निकायसँग छलफल भइरहेको र निष्कर्षमा पुग्न केही समय लाग्ने भएकाले धर्ना, जुलुस जस्ता विरोधका कार्यक्रम रोक्न विज्ञप्तिमार्फत आग्रह गरिएको छ ।

# शैलजा आचार्य हृदयरोग केन्द्र चाँडै सञ्चालनमा आउने

मोरङ, २५ मङ्सिर (रासस) । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले आगामी एक महिनाभित्र शैलजा आचार्य हृदयरोग उपचार केन्द्र सञ्चालन गर्न निर्देशन दिनुभएको छ । स्वास्थ्यमन्त्रीको समेत जिम्मेवारी सम्हाल्नु भएका मुख्यमन्त्री कार्कीले सोमबार मन्त्रालयका कर्मचारीसँगको छलफलमा विराटनगर-१० रहेको केन्द्र अगामी एक महिनाभित्र सञ्चालन हुने गरी काममा कुनै किसिमको ढिलासुस्ती नगरी लाग्नुपर्ने बताउनुभयो ।

मुख्यमन्त्री कार्कीले स्वास्थ्य केन्द्र तथा मन्त्रालयका काम नागरिकको जीवनसँग जोडिएको विषय भएकाले कर्मचारीले विशेष गरी स्वास्थ्य सुरक्षाप्रति संवेदनशील भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । "मन्त्रालयअन्तर्गत कुनै नयाँ अनुसन्धान गर्नुपर्ने आवश्यक भएमा नागरिकप्रति उत्तरदायी भएर गर्नुपर्छ", उहाँले भन्नुभयो, "दुगर्म तथा ग्रामीण क्षेत्रमा सेवा प्रभावमा कुनै कमी हुनुहुदैन ।"

रकम अभावमा नागरिक उपचारविहीन अवस्था भएर मृत्यु हुन नदिने उद्देश्यले सबैले काम गर्नुपर्नेमा मुख्मन्त्री कार्कीले जोड दिनुभयो । छलफलका क्रममा ओखलढुङ्गाका साथै अन्य एक अस्पतालमा आगामी १५ दिनभित्र विशेषज्ञसहित उपचार सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न उहाँले कर्मचारीलाई निर्देशन दिनुभयो ।

मन्त्रालयकी सचिव डा सुधा देवकोटाले मन्त्रालयअन्तर्गतका कार्यालयमा समन्वयको अभाव रहेकाले सोको व्यवस्था गर्न मुख्यमन्त्री समक्ष आग्रह गर्नुभयो । मन्त्रालयअन्तर्गतका प्रदेश आपूर्ति व्यवस्था, स्वास्थ्य कार्यालय, प्रदेश प्रयोगशालालगायत कार्यालयका प्रमुख एवं कर्मचारीले आ-आफ्नो कार्यालयले प्रदान गर्ने सेवाका विषयमा मुख्यमन्त्री कार्कीलाई जानकारी गराएका थिए ।

# इनड्राइभको अल्टरनेटिभा फिल्म अवार्ड्समा नेपाली फिल्म "नो विन्टर होलिडेज"



**दैनिक समाचारदाता**
**काठमाडौं, २५ मंसिर ।**

कमविकसित सिनेमा उद्योगहरूका उदयमान फिल्म निर्माताहरूलाई प्रोत्साहन दिन स्थापन गरिएको अल्टरनेटिभा फिल्म प्रोजेक्टको विश्वव्यापी गैरनाफामुलक फिल्म इनिसेटिभले कजाकस्ताको अल्माटी आयोजित उद्घाटन समारोहमा अल्टरनेटिभा फिल्म पुरस्कारका विजेताहरूको घोषणा गारेको छ ।

चलचित्रको कलात्मक गुण र तिनको सामाजिक प्रभावको मूल्याङ्कन गर्न डिजाइन गरिएको अल्टरनेटिभा फिल्म अवार्ड पहिचानको वैकल्पिक प्रणाली हो । पहिलो संस्करण मध्य एशियामा केन्द्रित भएको यस अवार्डको पहिलो संस्करणले विभिन्न बजारहरू बीचको सांस्कृतिक सम्बन्धलाई सुदृढ गर्ने लक्ष्य राखिएको छ । यो इनिसेटिभ पियर-टू-पीयर राइडशेयर मूल्य निर्धारण मोडेलको लागि परिचित विश्वव्यापी टेक्नोलोजी कम्पनी इनड्राइभद्वारा सेप्टेम्बर २०२३ मा सुरु गरिएको थियो ।

परम्परागत पुरस्कारहरू भन्दा फरक रहेर अल्टरनेटिभा फिल्म अवार्डले सांस्कृतिक, सामाजिक, र औद्योगिक प्रभावहरूको उदाहरण प्रस्तुत गर्ने प्रतिभा र टाइटलहरूलाई पुरस्कार प्रदान गर्दछ । पेरेनियल अवार्ड्मा समावेश स्पटलाइट अवार्डले सार्वजनिक राडारमा परेको विषय वा कथामा प्रकाश पार्नेब फिल्मलाई सम्मान गर्दछ भने फ्यूचर भ्वाइस अवार्डले फिल्म उद्योग र सामाजिक परिवर्तनमा योगदान पुर्याउन सक्ने क्षमता भएको नवोदित फिल्म निर्मातालाई सम्मान गर्दछ ।

त्यस्तै गरी आर्को विशेष अवार्ड हो अल्टर अवार्ड जसले मानवअधिकार, बसाइसराइ, युद्ध अपराध र वातावरण जस्ता महत्वपूर्ण सामाजिक└ विषयहरूलाई सम्बोधन गर्ने चलचित्रहरुलाई पुरस्कार प्रधान गर्दछ ।

त्यसैगरि नेटिभा अवार्ड चाहि राष्ट्रिय वा सांस्कृतिक पहिचानका विषयहरूलाई सम्बोधन गरेका चलचित्रलाई दिईन्छ भने शर्ट्स अवार्ड विशेष रूपमा मध्यएशियामा निर्मित छोटो फिल्मलाई दिइन्छ । भने शोर्ट्स अवार्डले फिल्म निर्माणमा लागि स्थानीय प्रतिभाहरूलाई हौशला प्रधान गर्ने उद्देश्यले शोर्ट्स अवार्डलेको स्थापना गरिको हो ।

विजेताहरूको छनोट सामाजिक उत्तर दायित्व बहन गर्ने किसिमका फिल्म निर्देशकहरू र निर्माताहरूको स्वतन्त्र र अन्तर्राष्ट्रिय निर्णायकहरू एवम अवार्ड विन्निंगफिलिपिनो निर्देशक ब्रिलान्टे मेन्डोजा लगायात विश्वभरका सामाजिक कार्यकर्ता सामुदायिक नेताहरू र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको नेतृत्वमा गरिएको थियो ।

मेन्डोजा सन् २००९ माआफ्नो फिल्म "किनातेए" कालागिकान्स फिल्म फेस्टिभलमा उत्कृष्ट निर्देशकको अवार्ड प्राप्त गर्ने पहिलो फिलिपिनो र फ्रान्सको शेभेलियर डान्स ल 'ओर्डे डेस आर्ट्स एट लेटर्स (नाइट अफ द अर्डर अफ आर्ट्स एन्ड लेटर्स) प्राप्त गर्ने एकमात्र फिलिपिनो फिल्म निर्देशक समेत हुन् ।

कुल एक लाखअमेरिकी डलरको पुरस्कार रकमलाई पाँच फेस्टिबल बिजेताहरू बीच कसैलाई तल माथि नराखी समान रूपमा बाँडिने छ । पहिलो स्पटलाइट अवार्ड किर्गिजस्तानका फिल्म निर्देशक मिर्लान एड्ब्यकालकोभद्वारा निर्देशित ब्राइड किडन्यापिङ (२०२३) लाई प्रदान गरिएको थियो जसले जबरजस्ती विवाह गराइएको महिलाहरुको वास्तविक जीवनमा अपहरण भएको विषयलाई चित्रण गरिएको थियो ।

त्यस्तैगरी कजाकस्तानका अर्का निर्देशक अस्खात कुचिन्चिरेकोभलाई परिवारको अर्थ खोजी गर्ने कथामा आधारित उनको फिचर फिल्म बौरिना सालु (२०२३) लाई फ्यूचर भ्वाइस अवार्ड प्रदान गरिएको थियो ।

त्यसै गरि अल्टर अवार्ड कजाकस्तानकै अर्का निर्देशक कातेरिना सुभोरोभद्वारा निर्देशित वृत्तचित्र कोरियोक्पालाई प्रदान गरिएको थियो भने राजन कठेत र सुनीर पाण्डेद्वारा निर्देशित नेपाली फिल्म नो विन्टर होलिडेज (२०२३) लाई नेटिभा अवार्ड प्रदान गरिएको थियो । जहिल्यै एक-अर्कासँग झगडा गर्दै बस्ने दुस्मनहरु कसरी हिउँले घेरिएको गाउँमा सँगै बस्न बाध्य छन् भनेर यस वृत्तचित्रमा देखाइएको छ । वृतचित्रको बारेमा प्रशंसागर्दै जूरीले भनेका छन्, "यो वृत्तचित्रले

तपाइलाई एक रोमान्चाक संसार तर्फ यात्रा गराउँछ । थोरै शब्दहरू, लामो शटहरू र मौसम परिवर्तनका सुन्दर दृश्यहरुले यसलाई काल्पनिक भन्दा पनि अनौठो सत्य कथा जस्तै बनाएका छन् । नो विन्टर होलिडेज सांस्कृतिक रूपमा आलोचनात्मक र स्पष्ट रूपमा सुन्दर छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट बञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिबाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*